आज मिति २०८३ जेठ २९ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १४२ औं नगरकार्यपालिका बैठक बसि निम्नानुसार निर्णय गरियो।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर वहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री विन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

# मिति २०८३।०२।२९ गतेको १४२ औं कार्यपालिका बैठकका कार्यसुचिहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२. १८औं वर्षे नगरसभा सम्वन्धमा ।
३. बयरघारी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति सुचिकृत गर्ने सम्वन्धमा ।
४. विपद तथा वातावरण समितिको प्रतिवेदन अनुमोदन सम्वन्धमा ।
५. बयरघारी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति सुचिकृत गर्ने।
६. नेपाल रेडक्रस सोसाइटी, स्याङ्जालाई रकम भुक्तानी सम्वन्धमा ।
७. हरितालिका तिजगित प्रतियोगितामा भएको खर्च रकम भुक्तानी सम्वन्धमा ।
८. विपन्न दलित अल्पसंख्यक उत्थान कार्यक्रमको खर्च रकम भुक्तानी सम्वन्धमा ।
९. औषधि उपचार सहायता सम्वन्धमा ।
१०. विभिन्न योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी सम्वन्धमा ।
११. संचालनमा नरहेका अटो रिक्सा दर्ता खारेजी सम्वन्धमा ।

## मिति २०८३।०२।२९ गतेको १४२ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरकार्यपालिकाको यस अगाडिको १४१औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

निर्णय नं २

आगामि आ.ब.२०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट पेश गर्नेगरी १८औ नगरसभाको बैठक मिति २०८३/०३/०८ गते सोमबार संञ्चालन गर्ने ।

निर्णय नं ०३

भीरकोट नगरपालिका अन्तर्गतको बयरघारी बजार क्षेत्रमा खानेपानी व्यवस्थापन गर्दै आइरहेको श्री बयरघारी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति नगरपालिकामा सुचिकृत गर्ने ।

निर्णय नं ०४

हालैको हावाहुरी तथा पानीको कारणले नगरपालिका भित्रका विभिन्न स्थानहरुमा भएको क्षतिको यकिन गर्न विपद तथा वातावरण समितिका सदस्यहरु विपद प्रभावित स्थानहरुमा स्थलगत रुपमा गई तयार गरेको तपसिल बमोजिमको समितिको प्रतिवेदन अनुमोदन गर्ने ।

तपसिल

भीरकोट नगरपालिका अन्तर्गत विभिन्न वडाहरुहरुमा हावाहुरीको कारण भएको क्षतीको सम्वन्धमा प्रतिवेदन पेश गर्नको लागि यस नगरपालिकाको मिति २०८३/ ०२ /१९ मा निर्णय भएको हुँदा विपद तथा वातावरण समितिका सदस्यहरुले हालैको समयमा आएको अविरल वर्षा र हावाहुरीको कारण भएको क्षतीको सम्वन्धमा स्थलगत अनुगमन गरी तपशिल वमोजिमको प्रतिवेदन पेश गरिएको छ ।

तपशिल

१. भीरकोट नगरपालिका अन्तर्गत वातावरण तथा विपद व्यवस्थापन समितिका पदाधिकारी र प्राविधिक कर्मचारीहरुवाट यस नगरपालिकाको वडा नं ५, ६ र ३ मा स्थलगत अनुगमन गरिएको थियो ।

२. हालसालै भएको अविरल वर्षा र हावाहुरीवाट हालसम्म कुनै मानवीय क्षती भएको देखिएन ।

३. हावाहुरीको कारण वडा नं ३ को रिजु लेडा रोजीखोला लगायतका स्थानहरुमा घर धन्सारको छाना उडाएको, रुखहरु ढली घरमा क्षेती भएको र मकै वालीमा क्षती पुर्याएको पाइयो ।

४. स्थलगत अनुगमनको क्रममा देखिएको क्षतिको विवरणको आधारमा तपसिल बमोजिमको आर्थिक सहयोग रकम निम्नासार शिफारिस गरिएको छ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार पराजुली?
नगर प्रमुख

| वडा नं | नाम थर | स्थान | क्षतीको विवरण | शिफारिस गरिएको सहयोग रकम |
|---|---|---|---|---|
| ३ | लाल वहादुर दमाई | सानोपधेरा | हावाहुरीले घरको छाना उडाएको, मर्मत गरी वस्न शुरु गरको, छानामा राखेको टाट च्यातीएको | १०००० |
| ३ | विष्णु श्रेष्ठ | भतेरपाटा | हावाहुरीको कारण घरको टीन उडाएको, ९ पाता नयाँ टीन खरिद गरी घर छाउने काम गरिएको | १०००० |
| ३ | कमलराज काफ्ले | मगरस्वारा | हावाहुरीको कारण घरको टीन उडाएको, पुरानो टिन प्रयोग गरी छाना छाएर वस्न शुरु गरेको, धुरीमा नयाँ टीन प्रयोग भएको । | १०००० |
| ३ | केशव क्षेत्री | लेडा | हावाहुरीको कारण १३/९ हातको धन्सारको टीन उडाएको, टीनमा प्वाल परेको | १०००० |
| ३ | रन वहादुर खत्री | | हावाहुरीको कारण ११ हातको घरको टीन उडाएको, पुन पुरानो टीन प्रयोग गरी छानो छाएको । | १०००० |
| ३ | सामुदायिक रिजु पाले भवन | रिजु | हावा हुरीको कारण टीन उडाएको, भवन पुन निर्माण गर्नु पर्ने पुरानो टीन काम नलाग्ने भएको । | २०००० |
| ३ | विलमाया गुरुङ | रोजीखोला | हावा हुरीको कारण ४ पाता टीन उडाएको / पुन छाउने काम गरिएको । | १०००० |
| ३ | टिकादेवी सिजाली सिजाली | रोजिखाला | रुखको हाँगाले घरको छानामा सामान्य क्षती भएको | १०००० |
| ३ | रुद्र वहादुर अधिकारी | रोजीखोला | हावा हुरीको कारण टीन उडाएको/ पुरानो टीन लगाएको । | १०००० |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

... कुमार आचार्य
नगर प्रमुख

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

| | | | | |
|---|---|---|---|---|
| ३ | लक्ष्मी गुरुङ | रोजीखोला वेसिघर | हावाहुरीको कारण रुख ढलेर ५ वटा ६ फुटे टीन विग्रिएको । | १०००० |
| ३ | राम वहादुर खड्का | रोजीखोला | हावाहुरीको कारण रुखले घर किचेको/धन्सारमा धेरै क्षती भएको/ घरमा रहेका मानिसहरु अन्यत्र वस्ने गरेको । | २०००० |
| ३ | न्यू कुमारी खत्री | रोजीखोला | घरको छानो उडाएको, कहिले काही वस्ने गरिएको,पुरानो टीन र नयाँ टीन प्रयोग भएको भएको । | २०००० |
| ३ | सविता खड्का खड्का | किसिम | हावाहुरीको कारण खरको छाना र पलास्टीकले छाएको घर उडाएर लगेको । | १०००० |
| ३ | विल वहादुर गुरुङ | रोजीखोला दोवाटो | हावाहुरीको कारण धन्सारको टीन उडाएको | १०००० |
| ४ | दिपक थापा | झारङखोला | हावाहुरीको कारण छाना उडाएको | २०००० |
| ५ | गम कुमारी सिह ठकुरी | | हावाहुरीको कारण घरको घरको पाली पुर्ण रुपमा क्षती भएको | २०००० |
| १ | केहर सिङ राना | रामभन्ज्याङ | धन्सारमा विजुली सर्ट भएको/ प्रहरी प्रतिवेदन संलग्न भएको | २०००० |
| १ | गोमा घर्ती | दार्सिङ | घरको पाल भत्किएको/ प्रहरी प्रतिवेदन संलग्न भएको | २०००० |
| ३ | राजीखोला खानेपानी टंकी | | खानेपानी टंकीमा क्षति भएको | २०००० |
| ०६ | अम्विका रोकाहा | सिमलचौर | घर अगाडिको धनसार पुर्ण रुपमा क्षति | १०००० |

निर्णय नं ०५

भीरकोट नगरपालिका अन्तर्गतको बयरघारी बजार क्षेत्रमा खानेपानी व्यवस्थापन गर्दै आइरहेको श्री बयरघारी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति नगरपालिकामा सुचिकृत गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं ०६

नेपाल रेडक्रस सोसाइटी, स्याङ्जा जिल्ला शाखाद्वारा संचालित ब्लड बैंक दिगो रुपमा संचालन गर्नका लागि चालु आ.ब.२०८२/८३ को वार्षिक बजेटमा विनियोजन भएको रकम रु ५ लाख भुक्तानी दिने।

निर्णय नं ०७

भीरकोट नगरपालिका वडा नं. ०७ मा अवस्थित श्री कालिका पुस्तकालयले हरितालिका तीज पर्वको अवसरमा आयोजना गरेको तीजगित प्रतियोगितामा भएको खर्च रकम रु.५०,०००। विभिन्न संघसंस्था अनुदान बजेट शिर्षकबाट भुक्तानी गर्ने ।

निर्णय नं ०८

भीरकोट नगरपालिका वडा नं. ०९ मा चालु आ.ब. मा संचालित कार्यक्रम विपन्न दलित अल्पसंख्यक उत्थान कार्यक्रमको संलग्न विल, भरपाई बमोजिमको खर्च रकम वडा नं. ०९ को बजेट शिर्षक विपन्न दलित उत्थान कार्यक्रम र नगरपालिका तर्फको विपन्न गरिव तथा असहाय वस्तुगत सहायता बजेट शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं ०९

भीरकोट नगरपालिका कार्यरत कर्मचारी श्री लक्षुमन श्रेष्ठको छोरी आकृति श्रेष्ठ बिरामि भई काठमाडौ स्थित कान्ति बाल अस्तपालमा परिक्षण गर्दा Vasculitis(HSP) नामक रोग लागि उपचाररत रहनुभएको हुँदा निजको उपचारका लागि विपन्न गरिव तथा असहाय वर्ग औषधि उपचार खर्च बजेट शिर्षकबाट रु.२० हजार रकम भुक्तानी दिने ।

निर्णय नं १०

नगरपालिकाको स्विकृत बजेटको परिधिभित्र रहि कार्य सम्पन्न भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको संलग्न कागजातहरुको आधारमा देहायको बजेट शिर्षकबाट भुक्तानी दिने ।

तपसिल

| क्र.स | व्यक्ति/संस्थाको नाम | भुक्तानी दिने बजेट शिर्षक | भुक्तानी दिने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अमोर सेवा नेपाल, फेदीखोला गा.पा.०१ | विभिन्न संघसंस्था अनुदान शिर्षकबाट | रु २ लाख | वडा नं. ०१ तर्फको खानेपानी तथा सरसफाइ बयरघारी बजेट शिर्षकको रु २ लाख नगरपालिकाको अन्य पुंजिगत शिर्षकमा खर्च गर्नेगरी |
| २ | श्री सत्य साई सेवा केन्द्र, वालिङ शाखा | विभिन्न संघसंस्था अनुदान शिर्षकबाट | रु ५० हजार | |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार आचार्य
नगर प्रमुख

निर्णय नं ११

भीरकोट नगरपालिकामा विभिन्न समयमा दर्ता भई हाल संञ्चालनमा नरहेका तपशिल वमोजिमका अटो रिक्साहरुको हालसम्म नियमानुसार वुझाउनुपर्ने कर तथा राजश्व दाखिला गर्न लगाई दर्ता खारेजी गर्ने।

<u>तपसिल</u>

| सि. नं | अटोरिक्सा नं | अटो रिक्सा दर्ता नं | सवारीधनिको नाम थर | दर्ता मिति | दाखिला गरेको राजश्व रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लु १ क ३४३८ | १७ | शंकर काफ्ले | २०७७/६/०७ | ६००० | अन्यत्रै विक्रि भएका |
| २ | लु १ ह ३६२९ | ३२ | तिल बहादुर सार्कि | २०८१/४/१६ | ३००० | |
| ३ | लु १ ह ४०६२ | २१ | टेक बहादुर के.सी. | २०७८/८/२ | ६००० | |
| ४ | लु १ क ३६४८ | ०१ | हरिमाया गुरुङ्ग | २०७७/८/१९ | ६००० | |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

[illegible]िन्द कुमार कर्माचार्य
नगर प्रमुख